## विशेष इजलास

**स.का.मु. प्र. न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(१) र (२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत पर्न आएका निम्नलिखित रिट निवेदनहरूको संक्षिप्त निवेदन दावीको सार एवं आदेश यस प्रकार रहेको छ:-

(१) रिट नं. ०६९-WS-१०८६, उत्प्रेषण, परमादेशसमेत, *कञ्चनकृष्ण न्यौपानेविरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सर्वोच्च अदालतले संविधानसभाको अन्तिम कार्यकाल चार वर्ष कायम गरिसकेको अवस्थामा पुन: अवधि बढाउन संविधान संशोधन गर्न संविधानसभामा प्रस्ताव लाने मिति २०६९।२।९ को नेपाल सरकारको निर्णय बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

(२) रिट नं. ०६८-WO-१०८७, उत्प्रेषण, परमादेशसमेत, *भरतमणि जंगमसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधानसभाको कार्यकाल बढाउने प्रस्ताव लाने गरी भएको मिति २०६९।२।९ को नेपाल सरकारको निर्णय बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

(३) रिट नं. ०६८-WO-१०८५, उत्प्रेषण, प्रतिषेध र परमादेशसमेत, *राजकुमार रानासमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधानसभाको म्याद तीन महिना थप्ने संशोधन विधेयक बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

(४) रिट नं. (०६८-WO-११५१) ०६८-WS-००७९, उत्प्रेषण, परमादेश, *भोजराज आचार्यसमेत विरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

संविधानसभाको पुन: निर्वाचन गर्ने निर्णय बदर गरी संविधानसभाको म्याद १ दिन बाँकी रहेको घोषित गरी व्यवस्थापिका संसद अर्को व्यवस्था नहुञ्जेल कायम रहेको घोषणा गरिपाऊँ भन्ने निवेदन दावी ।

(५) रिट नं. ०६८-WS-००८०, उत्प्रेषण, परमादेशसमेत, *राष्ट्रवादी एकता पार्टीका तर्फबाट अख्तियार प्राप्त रामबाबु सैँजुविरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

निर्वाचन आयोगमा दर्ता भएका ७५ दलकै सहभागिता रहेको सरकार गठन होस् भन्ने निवेदन दावी । (यस निवेदनमा निवेदकले तारेख गुजारेको अवस्था छ)

(६) रिट नं. ०६८-WS-००८२, उत्प्रेषण, परमादेश, *अधिवक्ता सन्तोष वस्नेतविरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

२०६३ साल मङ्सिर मसान्तपछि १८ वर्ष पुगेका व्यक्तिले पनि २०६९।८।७ मा हुने संविधानसभाको निर्वाचनमा मताधिकार पाउनुपर्छ भन्ने निवेदन दावी ।

(७) रिट नं. ०६८-WS-००१७, उत्प्रेषण, परमादेशसमेत, *सुशील भट्टसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

२०६३ साल मङ्सिर मसान्तपछि १८ वर्ष पुगेकाले पनि २०६९।८।७ मा हुने संविधानसभाको निर्वाचनमा मताधिकार पाउनुपर्छ भन्ने निवेदन दावी । (यस निवेदनमा निवेदकले तारेख गुजारेको अवस्था छ)

(८) **रिट नं.०६८-WS-००१६,** उत्प्रेषण, परमादेशसमेत, *सम्वल चौलागाईविरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

२०६३ साल मङ्सिर मसान्तपछि १८ वर्ष पुगेका व्यक्तिले पनि २०६९।८।७ मा हुने संविधानसभाको निर्वाचनमा मताधिकार पाउनुपर्छ भन्ने निवेदन दावी ।

(९) **रिट नं. ०६८-WS-००१५,** उत्प्रेषणयुक्त परमादेश, *राजेश सिलवालविरूद्ध राष्ट्रपतिको कार्यालय, शीतलनिवाससमेत*

संविधानसभा विघटन भई काम चलाउ प्रधानमन्त्री डा. बाबुराम भट्टराईले २०६९।२।१४ मा राष्ट्रपतिबाट गराउनु पर्ने निर्वाचनको घोषणा आफैँले गरी २०६९।८।७ लाई निर्वाचन तोकिएको मिति घोषणा गरिएको बदर होस् भन्ने निवेदन दावी ।

**(१०) रिट नं.** (०६८-WS-००२०) **०६८-WS-००७९,** उत्प्रेषण, परमादेश, *रामजी बिष्टविरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

२०६९।८।७ का लागि घोषित संविधानसभा निर्वाचन समयमा हुन नदिनका लागि आवश्यक प्रस्तावित अध्यादेश राजनीतिक सहमतिका नाममा विभिन्न दलहरूसँग छलफल मात्र गरी आवश्यक कानूनको व्यवस्था नगर्ने राष्ट्रपतिको कार्य रोकियोस् भन्ने निवेदन दावी ।

(११) **रिट नं. ०६९-WS-००२४,** उत्प्रेषण, परमादेश, *अधिवक्ता हरिशंकर कर्णसमेत विरूद्ध राष्ट्रपतिको कार्यालयसमेत*

संवैधानिक निकायका पदहरू समेतका नियुक्ति गर्नुपूर्व हुने संसदीय सुनुवाईको व्यवस्थालाई निस्तेज पार्ने बाधा अड्काउ फुकाउने आदेशका धाराहरू राष्ट्रपतिसमक्ष पेश गर्ने निर्णय बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

(१२) **रिट नं. ०६९-WO-०५८०,** उत्प्रेषण, परमादेश, *लोक कल्याणकारी जनता पार्टीका तर्फबाट किशोरी महतोसमेत विरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

२०६९।८।८ को राष्ट्रपति कार्यालयको सूचनाबमोजिम आफूले प्रधानमन्त्रीका लागि २०६९।८।१४ मा दावी प्रस्तुत गरिसकेको भएबाट पुनः सूचना जारी नहोस् भन्ने निवेदन दावी ।

(१३) **रिट नं. ०६८-WO-०६३७,** उत्प्रेषण, परमादेशसमेत, *राष्ट्रवादी एकता पार्टीका तर्फबाट अख्तियार प्राप्त भई आफ्ना हकमा समेत ऐ.पार्टीका अध्यक्ष उमा श्रेष्ठसमेत विरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

निर्वाचन आयोगमा दर्ता भएका सबै दलको सहमतिमा राजनीतिक समस्याको निकास खोजियोस् भन्ने निवेदन दावी ।

(१४) **रिट नं. ०६९-WO-०६८५,** उत्प्रेषण, परमादेशसमेत, *डिल्लीराम गुरागाइँसमेत विरूद्ध सम्माननीय राष्ट्रपति डा.रामवरण यादवसमेत*

डा. बाबुराम भट्टराईको सरकार परिवर्तन नगरी यसैले संविधानसभाको निर्वाचन गराउन व्यवस्था होस् भन्ने निवेदन दावी ।

**(१५) रिट नं. ०६९-WS-००५१,** प्रतिषेध, *भरतमणि जंगमविरूद्ध राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत*

सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश वा स्वतन्त्र व्यक्तिको नेतृत्वमा सरकार गठन होस् भन्ने निवेदन दावी ।

**(१६) रिट नं. (०६९-WO-०९१८) ०६९-WS-००५३,** उत्प्रेषण, *अधिवक्ता ओमप्रकाश अर्यालविरूद्ध राष्ट्रपतिको कार्यालयसमेत*

संविधानको धारा १०६ प्रतिकूल प्रधानन्यायाधीश श्री खिलराज रेग्मी प्रधानमन्त्री बन्न तैयार रहेको २०६९।११।१४ मा सर्वोच्च अदालतका सहायक प्रवक्ताबाट विज्ञप्ति प्रकाशित भएबाट निजलाई उक्त पदमा बहाली नगर्न नगराउन, शपथ ग्रहण नगर्न नगराउन र पद बहाली नगर्न नगराउन आदेश जारी गरी पाऊँ भन्ने निवेदन दावी ।

**(१७) रिट नं. ०६९-WO-०९५०,** परमादेश, *अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीसमेत विरूद्ध सम्माननीय राष्ट्रपति डा. रामवरण यादव, राष्ट्रपतिको कार्यालयसमेत*

संविधानसभा दोस्रोको निर्वाचन गराउन प्रबन्ध र पछि संसदीय सुनुवाई गर्ने गरी संवैधानिक पद तथा राजदूतहरूमा नियुक्ति होस् भन्ने निवेदन दावी ।

नियमबमोजिम पेशी सूचीमा चढी यस इजलाससमक्ष पेश हुन आएका प्रस्तुत रिट निवेदनहरूमा छलफलका लागि उपस्थित हुनुभएका निवेदक अधिवक्ताहरू श्री डा. चन्द्रकान्त ज्ञवाली, श्री हरिशंकर कर्ण, श्री हरिश्चन्द्र सुवेदी, श्री सन्तोष बस्नेत र श्री रामनारायण विडारीसमेत उपस्थित भई आफ्ना भनाईहरू प्रस्तुत गर्नुभयो । साथै, निवेदक अधिवक्ता ओमप्रकाश अर्यालले दर्ता गर्नु भएको दर्ता नं. ८९४, २०७०।५।२० को निवेदनको साथै प्रस्तुत रिट निवेदनहरूका सम्पूर्ण मिसिलसमेत अध्ययन गरियो ।

विपक्षी राष्ट्रपतिको कार्यालयसमेतको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री किरण पौडेलले छलफलको क्रममा यस अदालतको दश सदस्यीय विशेष इजलासबाट भएको मिति २०७०।३।२० को आदेशले पूर्ण सुनवाईको लागि छुट्ट्याइएका रिट नं.०६९-WO-१२५७ (*निवेदक भरतमणि जंगमविरूद्ध खिलराज रेग्मी, मन्त्रिपरिषद्का अध्यक्षसमेत*) भएका ७ वटा मुद्दाहरूको सुनवाईको लागि मिति २०७०।६।३ गते पेशी तोकिएको भनी इजलाससमक्ष जानकारी गराउनु भयो ।

प्रस्तुत निवेदनहरू समेतका संविधानसभाको विघटन, निर्वाचन, बाधा अड्काउ आदेश र सोको कार्यान्वयनसमेतका विरूद्ध दायर भई अङ्ग पुगिसकेका आज प्रस्तुत रिट निवेदनसहितका निवेदनहरू मिति २०७०।३।२० मा दश सदस्यीय विशेष इजलासमा पेश भएकोमा निवेदकको तर्फबाट उपस्थित कानून व्यवसायीहरू, निवेदकहरू तथा विपक्षी राष्ट्रपतिको कार्यालयसमेतको तर्फबाट नेपालका महान्यायाधिवक्ता एवं नायब महान्यायाधिवक्ताहरू समेतले गर्नु भएको बहससमेत सुनी आज यस इजलाससमक्ष पेश भएका प्रस्तुत १७ थान रिट निवेदनहरूलाई ०६९-WO-१२५७ समेतका ७ थान रिट निवेदनहरूबाट बाहेक गर्ने गरी आदेश भएको संलग्न आदेश प्रतिलिपिबाट देखिन्छ ।

उक्त आदेशमा अदालतमा दायर सम्पूर्ण रिट निवेदनहरूको माग दावीसमेतको अध्ययन गरी देहायका ७ थान रिट निवेदनहरू मिति २०६९।१२।१ मा सर्वोच्च अदालतका प्रधान न्यायाधीश श्री खिलराज रेग्मीले चुनावी मन्त्रिपरिषद्को अध्यक्ष पदमा शपथ ग्रहण गर्नु भएपछि दर्ता भएको देखिन्छ । तिनमा मुख्यरूपले निम्न विषय समावेश भएको पाइन्छ :-

१) ०६९-WO-१०६७ (*नेपाल राष्ट्रिय लोकतान्त्रिक दलका तर्फबाट अमर के.सी. विरूद्ध अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*) ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ बमोजिम राष्ट्रपतिबाट जारी भएको बाधा अड्काउ फुकाउने

सम्बन्धी आदेश बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

२) ०६९-WO-१२५७ (*भरतमणि जंगम वि. खिलराज रेग्मी, मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*) ।

अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रधान न्यायाधीश पदबाट राजीनामा गरी स्वतन्त्ररूपले कार्यपालिका प्रमुखको रूपमा काम गर्ने व्यवस्था मिलाउने गरी आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी ।

३) ०६९-WO-०९७८ (*अधिवक्ता डा.गोपाल सिवाकोटी चिन्तनसमेत वि. अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*)

मिति २०६९।२।१४ मा बद्नियतपूर्वक एवम् असंवैधानिकरूपमा जननिर्वाचित संविधानसभा विघटन भएको र अन्तरिम चुनावी मन्त्रिपरिषद्को गठन तथा त्यससँग सम्बन्धित सबै कार्यहरू असंवैधानिक भएकोले प्रारम्भदेखि नै बदर गरिपाऊँ भन्नेसमेत व्यहोराको निवेदन दावी ।

४) ०६९-WO-०९७७ (*अधिवक्ता कञ्चनकृष्ण न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*) ।

मिति २०६९।११।३० मा मन्त्रिपरिषद्को सिफारिशअनुसार राष्ट्रपतिबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ अनुसार बाधा अड्काउ फुकाउ आदेश बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

५) ०६९-WO-०९७६ (*अधिवक्ता डा.चन्द्रकान्त ज्ञवालीसमेत वि. अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*) ।

सर्वोच्च अदालतका प्रधान न्यायाधीश श्री खिलराज रेग्मीलाई चुनावी मन्त्रिपरिषद्को अध्यक्ष पदमा नियुक्ति गर्ने गरी भएको निर्णय बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

६) ०६९-WS-००५५ (*अधिवक्ता सुवास आचार्य वि. अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*) ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ विपरीत राष्ट्रपतिबाट बाधा अड्काउ फुकाउने गरी जारी भएको आदेश बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

७) ०६९-WS-००५६ (*लोक कल्याणकारी जनता पाटीका तर्फबाट किशोरी महतो वि. अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*)

राष्ट्रपतिबाट मिति २०६९।११।३० मा २४ बुँदे आदेशमार्फत् बाधा अड्काउ फुकाउने गरी भएको काम कारवाही बद्र गरिपाऊँ भन्ने निवेदन दावी ।

उक्त दश सदस्यीय विशेष इजलासबाट छुट्याई आज यस इजलासमा प्रस्तुत यी १७ थान रिट निवेदनहरूको विषयवस्तुको अध्ययन गर्दा संविधानसभाको निर्वाचनका लागि २०६३, मङ्सिर मसान्तपछि १८ वर्ष पुगेका व्यक्तिलाई पनि मिति २०६९।८।७ मा हुने संविधानसभाको निर्वाचनमा मताधिकार हुनुपर्ने भन्ने ३ थान (क्र.सं. ६, ७ र ८), संविधानसभाको कार्यकाल चार वर्षभन्दा बढाइन नहुने भन्ने ३ थान (क्र.सं. १, २ र ३), निर्वाचन आयोगमा तत्कालीन अवस्थामा दर्ता रहेका सबै दलको सहभागितामा निकास खोजिनु पर्ने भन्ने २ थान (क्र.सं. ५ र १३), आफूले विभिन्न दलको

सहमतिमा प्रधानमन्त्रीमा दावेदारी प्रस्तुत गरेबाट पुनः सहमतिको प्रधानमन्त्री खोजिन नहुने १ थान (क्र.सं. १२), डा. बाबुराम भट्टराईकै सरकार कायम रहनुपर्ने १ थान (क्र. सं. १४), सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश वा स्वतन्त्र व्यक्तिको नेतृत्वमा सरकार गठन हुनुपर्ने भन्ने १ थान (क्र.सं. १५), संविधानसभाको निर्वाचन प्रबन्ध अदालतले नै गरी दिन र पछि संसदीय सुनुवाई गर्ने गरी नियुक्ति हुनुपर्ने भन्ने १ थान (क्रं.सं.१७), राष्ट्रपतिको सट्टा काम चलाउ प्रधानमन्त्री डा. बाबुराम भट्टराईले घोषणा गरेको संविधानसभाको घोषणा बदर हुनुपर्ने भन्ने १ थान (क्रम संख्या ९) र निर्वाचनसम्बन्धी कानून बन्नुपर्ने भन्ने १ थान (क्र.सं.१०) समेतका १४ थान रिट निवेदनमा प्रश्न उठाइएका कार्य नै सम्पन्न भइसकेका छन् । यसै गरी क्र.सं. ११ को संसदीय सुनुवाईको व्यवस्थाविपरीत नियुक्ति हुन नहुने, क्र.सं. १६ को प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउन रोकिनु पर्ने र क्र.सं. ४ को व्यवस्थापिका संसद कायमै रहनुपर्ने भन्ने जस्ता माग राखी तत्कालीन अवस्था र सन्दर्भलाई दृष्टिगत गरी दायर भएका यी रिट निवेदनहरू दर्तापश्चात् विभिन्न कानूनी र संवैधानिक घटनाक्रम विकसित भै हालको अवस्था र परिस्थिति फरक रहेको र परिवर्तित सन्दर्भमा विकसित घटनाक्रमका कारणबाट सम्पन्न हुन पुगेका विभिन्न कानूनी र संवैधानिक काम कारवाहीउपर चुनौती दिई दायर भएका पछिल्ला रिट निवेदनहरू पूर्ण सुनुवाईका लागि यस अदालतको २०७०।३।२० को दश सदस्यीय विशेष इजलासले छुट्याई यस अदालतमा विचाराधीन नै छन् ।

सोही विषयमा कार्य सम्पन्न हुनुअघि दायर मुद्दा र कार्य सम्पन्न भएपछिका मुद्दामध्ये अघिल्ला मुद्दाहरू पछिल्ला मुद्दाका सन्दर्भमा अवलोकनीय अवश्य हुन्छन् तर निर्णायक हुँदैनन् । कतिपय चुनौती दिइएका विषयमा पनि पछिल्ला मुद्दाबाट न्यायिक परीक्षण हुन अघिल्ला मुद्दाहरूको खारेजीले कुनै पनि किसिमको प्रतिकूलता सिर्जना गर्दैन । यो कानूनी मान्यता हो र यसलाई हाम्रो अदालतले पनि अवलम्बन गरी आएको कारणसमेतबाट दश सदस्यीय विशेष इजलासबाट प्रस्तुत रिट निवेदनहरू सुनुवाईबाट अलग गरेको कुरा प्रष्ट हुन्छ । प्रस्तुत सन्दर्भमा यही स्थिति रहेको छ ।

बाधा अड्काउ फुकाउ आदेशको वैधता वा अवैधता, संविधानसभा र व्यवस्थापिका संसदको सम्बन्ध, कार्यपालिकीय दायित्वमा राष्ट्रपति र प्रधानमन्त्रीको स्थान, शक्ति पृथक्कीकरणको सिद्धान्त र संविधानवादका सीमासमेतका विषयमा यस अदालतको दश सदस्यीय विशेष इजलासले सुनुवाईको लागि छुट्याएका रिट नं. ०६९-WO-१०६७, ०६९-WO-१२५७, ०६९-WO-०९७८, ०६९-WO-०९७७, ०६९-WO-०९७६, ०६९-WS-००५५ र ०६९-WS-००५६ का ७ थान रिट निवेदनहरूमा उठाइएका संवैधानिक प्रश्नहरूका आधारमा पूर्ण सुनुवाई गरी निर्णय दिन बाँकी नै रहेको अवस्था छ ।

यसरी गरिपाउन र रोकिपाउन मागका साथ दायर रिट निवेदनहरूको कार्य नै बाँकी नरही सम्पन्न भइसकेको र तीमध्ये कतिपय सम्पन्न कार्यलाई चुनौती दिई अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष श्री खिलराज रेग्मीसमेतलाई विपक्षी बनाई दायर ७ थान रिट निवेदनहरू यस अदालतमा विचाराधीन रहेका छन् । निवेदक एवं विपक्षी दुवैतर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरू समेतसँग छलफल गरी विषयवस्तुको गाम्भीर्यता र औचित्यसमेतको आधारमा पूर्ण सुनुवाई हुने रिट निवेदनहरूबाट यी १७ थान रिट निवेदनहरू अलग गर्ने गरी यस अदालतको दश सदस्यीय विशेष इजलासबाट २०७०।३।२० मा आदेश भएपश्चात् न्यायका मान्य सिद्धान्तसमेतको आधारमा कायम राखिराख्ने अवस्थामा नरही औचित्यहीन अवस्थामा रहेका यी १७ थान रिट निवेदनहरूको लगत कायम

राखिराख्नुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदनहरू खारेज हुने ठहर्छ ।

यस अदालतको दश सदस्यीय विशेष इजलासमा ०६९-WO-१२५७ समेतका रिट निवेदनहरू पूर्ण सुनुवाई हुँदा यी रिट निवेदनहरूको रेकर्ड मिसिलसमेत अवलोकनार्थ साथै राख्नू । प्रस्तुत रिट निवेदनहरूको दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

इति संवत् २०७० साल भाद्र २० गते रोज ५ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-०५८६, निषेधाज्ञा, *प्रेमबहादुर बुढामगरसमेत वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, प्यूठानसमेत*

निवेदकहरूले दावी गरेको कि.नं. ३९५ र ४२७ का जग्गाहरू विपक्षी भवानीश्वरी प्रा.वि., प्यूठानको जग्गा रहेको भनी विपक्षीहरूले स्वीकार गरेको र सो जग्गामा आफूहरू मासिक रू. ६००।- भाडा तिरी बस्ने सहमति भै भाडामा बसेको भनी स्वीकार गरेको देखिन्छ । आफ्नो निर्विवाद हकभोगको जग्गा नभै विद्यालयको जग्गामा भाडामा बसेका यी पुनरावेदकहरूको उक्त दावीका जग्गामा हक स्थापित हुन सकेको देखिन्न । भवानीश्वरी प्रा.वि. को हकको जग्गामा मासिक रू. ६००।- समेतका दरले भाडामा बस्दै आएका पुनरावेदकहरूको उक्त जग्गामा बसोबास रहेकै कारणले मात्र निजहरूको निर्विवाद हकभोग कायम रहेको भनी मान्न नमिल्ने ।

जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रतिबाट दावीको कि.नं. ३९५ र ४२७ को जग्गा बाँझो तथा स्कूलक्षेत्रको भनी जनिएको देखिन्छ । दावीको जग्गाको वास्तविक जग्गाधनी भवानीश्वरी प्रा.वि., प्यूठान रहेको र उक्त विद्यालयले नै उक्त जग्गाको मालपोत करसमेत तिरेको मिसिल संलग्न मालपोत रसिदको छायाँप्रतिबाट समेत देखिँदा आफूहरूले सो जग्गामा पक्की घर निर्माण गरी आएकोले सो जग्गाबाट हटाउन मिल्दैन भनी पुनरावेदन जिकीर गर्दैमा निजहरूलाई दावीको जग्गामा हक स्थापित छ भनी अर्थ गर्न नमिल्ने हुँदा मागबमोजिमको निषेधाज्ञाको आदेश जारी हुनसक्ने स्थितिको विद्यमानता नभएबाट रिट खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०७० साल असार २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-०६५९, निषेधाज्ञा, परमादेश, *महम्मद हसुनैन देवानसमेत वि. वीरगञ्ज उपमहानगरपालिका कार्यालय, पर्सासमेत*

पुनरावेदकले पुनरावेदन जिकीरमा नै दावीको कि.नं. १६१ को जग्गा नेपाल सरकारका नाउँमा दर्ता रहेको भनी उल्लेख गरेको देखिन्छ । सुकुम्बासीका हैसियतले सो दावीको जग्गामा आफूहरूले घर टहरा बनाई बसेको र ती घर टहराहरू विपक्षी वीरगञ्ज नगरपालिकाले भत्काउन सक्ने प्रबल आशङ्का विद्यमान भएको भनी घर टहरा नभत्काउन विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी गर्न माग गरेको देखिन्छ । कानूनी हकद्वारा सिर्जित निर्विवाद हक भोग कायम रहेको जग्गामा कसैले अतिक्रमण गर्नसक्ने प्रबल आशङ्का विद्यमान भएको अवस्थामा मात्र निषेधाज्ञाको आदेश जारी हुनसक्ने हो । यी निवेदकहरूले सो जग्गा नेपाल सरकारका नाउँमा दर्ता कायम भएको भन्ने स्वीकार गरेकै हुँदा दावीको जग्गामा निवेदकहरूको निर्विवाद हकभोग स्थापित हुन आएको देखिन्न । यस्तो अवस्थामा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

निवेदकहरूले निवेदन व्यहोरामा आफूहरू सुकुम्बासी भएबाट सुकुम्बासी कार्यालयमा निवेदन

दर्ता गराएकोमा सोको सिफारिश गर्नुपर्नेमा सो नबुझी विपक्षी नगरपालिकाले घर, टहरा भत्काउन अग्रसर भएको दावीको जग्गामा बसोबास भएको व्यहोराको सिफारिश मिति २०६७।९।२५ सम्ममा प्राप्त गरिसक्नु पर्नेमा सुकुम्बासी दर्ता गर्ने म्याद व्यतीत गर्ने मनसाय राखेको भन्नेसमेतको निवेदन तथा पुनरावेदन जिकीरमा उल्लेख गरेको देखिन्छ । निवेदन व्यहोरामा नै सुकुम्बासी सिफारिशका सम्बन्धमा सुकुम्बासी सिफारिश समितिमा मिति २०६७।९।२५ मा फाराम दर्ता गरिसक्नु पर्ने भनी उल्लेख गरेकोमा सो मागका सम्बन्धमा परमादेश जारी गर्नका लागिसमेत उक्त अवधि व्यतीत भैसकेको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार २५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-WO-११०९, उत्प्रेषणसमेत, *रोलास थापा वि. कारागार कार्यालय, ललितपुरसमेत*

रिट निवेदकउपर दायर गरिएका फौजदारी मुद्दाहरूमा निजलाई अभियोग लगाउँदा मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिमको अभियोग दावी लगाएको र मिसिल संलग्न अदालतका फैसलाहरू समेतबाट यी रिट निवेदकलाई अभियोग दावीबमोजिम चोरीको महलको १४(४) नं. बमोजिम नै सजाय गरिएको देखिन्छ । चोरीको महलको २७ नं. बमोजिमको अवस्था विद्यमान नभएपछि यी रिट निवेदकका हकमा काठमाडौं जिल्ला अदालत तथा भक्तपुर जिल्ला अदालतका फैसलाले लागेको चोरीको १४(४) नं. बमोजिमको १२ वर्ष कैद र मुलुकी ऐन, दण्ड सजायको महलको ३८(१) नं. बमोजिम जरीवाना नतिरेबापतको कैद ठेक्नु पर्दा ४ वर्षभन्दा बढी ठेक्न नहुने गरी ऐनले नै स्पष्ट गरेको यस्तो अवस्थामा यी निवेदकलाई ऐनले व्यवस्था गरेभन्दा बढी कैद सजाय ठेकी कैदी पूर्जी दिइएको देखिने ।

निवेदकलाई मुलुकी ऐन, चोरीको महलको १४ (४) नं. बमोजिम विभिन्न फैसलाबाट भएको सजायमध्ये अधिकतम् १२ वर्ष कैद र जरीवानाको हकमा मुलुकी ऐन, दण्ड सजायको ३८(१) नं. बमोजिम ४ वर्ष कैद हुने भई जम्मा कैद वर्ष १६ कायम गर्नुपर्नेमा अन्यथा कायम गरेको देखिन आयो । यसरी उल्लिखित व्यवस्थाबमोजिम यी रिट निवेदकलाई चोरीको महलको १४(४) नं. बमोजिम अधिकतम् १२ वर्ष र दण्ड सजायको महलको ३८(१) नं. बमोजिम ४ वर्ष कैद गरी जम्मा १६ वर्ष कैद कायम गर्नुपर्नेमा अन्यथा कायम गरेको पुनरावेदन अदालतको आदेशसमेत केही हदसम्म मिलेको नदेखिँदा पुनरावेदन अदालत, पाटनको आदेशबमोजिम कायम गरिएको उक्त लगत सो हदसम्म बदर गरिदिएको छ । अब निवेदक रोलास थापाका हकमा उल्लिखित १६ (सोह्र) वर्षको लगत कायम गर्ने गरी संशोधित लगत कायम गरिदिनु भनी विपक्षी भक्तपुर जिल्ला अदालतको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार २८ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-WH-००७४, बन्दीप्रत्यक्षीकरण, *रोलास थापा वि. कारागार कार्यालय, ललितपुरसमेत*

निवेदकले दावी लिए जस्तो निवेदकलाई बिना कारण गैरकानूनी थुनामा राखेको भन्ने निवेदकको व्यहोराबाट समेत नदेखिएको तथा निवेदकउपर दायर भएका विभिन्न मुद्दाहरूको रोहमा कानूनबमोजिम फैसला गर्ने अदालतले निवेदकलाई सोही मुद्दाको रोहमा थुनामा राख्ने गरी फैसला

भएको र फैसलाबमोजिमको कैदीपूर्जीले थुनामा रहेका यी प्रतिवादीका हकमा विपक्षीहरूको कार्यबाट गैरकानूनीरूपमा थुनामा राखिएको भन्ने अवस्था विद्यमान देखिएन । यी निवेदकले कानूनबमोजिम कैद भुक्तान गरिसकेको अवस्था नहुँदा कैदको बाँकी लगतको संशोधनको माग गरेको समेत कारणले निवेदकलाई थुनाबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अवस्था देखिएन । तसर्थ रिट निवेदकको मागबमोजिमको आदेश जारी गरी निजलाई थुनाबाट मुक्त गर्नुपर्ने स्थिति नहुँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार २८ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-१०१६, उत्प्रेषणयुक्त परमादेश, *रूकमिणी राना वि. मन्दरदेवी रानासमेत*

निवेदकले निवेदनमा पुनरावेदन अदालत, दिपायलबाट भएको परमादेशको मुद्दामा मेरो सुनुवाई नै नगरी एकतर्फी आदेश भएको र बुबा चनी रानाले आफ्नो जीवनकालमा मन्दरदेवी रानासँग विवाह नगरेको जिकीर लिएको देखिएपनि विपक्षी मन्दरदेवी रानाले कैलाली जिल्ला अदालतमा निवेदकका बुबा चनी राना थारूलाई विपक्षी बनाई नाता कायम मुद्दा गरी मिति २०६४।५।६ मा फिरादपत्र दिएको सो मुद्दामा मन्दरदेवी राना र चनी राना थारूबीच मिति २०६४।५।१७ मा लोग्ने स्वास्नीको नाता कायम गरी बस्न मञ्जूर भै मिलापत्र भएकोमा अन्यथा नदेखिने ।

विवाह गरी पतिको घर गइसकेको विवाहिता छोरी यी निवेदीका रूकमिणी राना बाबु र आमाले विधिवत्‌रूपमा स्वीकार गरिसकेको नाताको मिलापत्र बदर गरी पाउने माग कानूनसङ्गत् र युक्तिसङ्गत् देखिँदैन । कानूनबमोजिम लोग्नेस्वास्नीको सम्बन्ध अटूटरूपमा कायम रहे भएको र निवेदिकाले पनि सो सम्बन्धलाई होइन भन्नेबाहेक कुनै लिखत कागजद्वारा खण्डित हुने प्रमाण पेश गर्न सकेको देखिँदैन । चनी राना र विपक्षी मन्दरदेवी लोग्नेस्वास्नी भएको र चनी रानाको जीवनकालमा नै भएको मिलापत्रलाई विवाह गरी अन्यत्र गइसकेकी छोरीले बदर गर्न माग गरी दिएको रिट निवेदनबाट औचित्यमा प्रवेश गरी मिलापत्र बदर गर्न सकिनेसमेत नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल वैशाख २० गते रोज ६ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-०४२२, मोही लगत कट्टा, *रघुनाथ ढुंगाना वि. मोहनबहादुर थापा भन्ने मोहनविक्रम थापा*

मोहनबहादुर र मोहनविक्रम थापा भन्ने व्यक्ति एकै होइनन् फरकफरक व्यक्ति हुन् भन्ने पुनरावेदन जिकीरका सम्बन्धमा विचार गर्दा प्रसादसिंह थापाको नाति स्व. खुशबहादुर थापाको छोरा मोहनविक्रम थापा र मोहनबहादुर थापा भन्ने व्यक्ति फरकफरक नभई एकै व्यक्ति भएको भनी काठमाडौं महानगरपालिका वडा नं. ५ नं. को कार्यालयले मिति २०६३।१०।४ मा सिफारिश गरिदिएको मिसिल संलग्न सो पत्रको फोटोकपीबाट देखिन्छ । उक्त सिफारिश पत्रलाई यी पुनरावेदक वादीले अन्यथा हो भनी भन्न सकेको अवस्था मिसिलबाट देखिन आएन । यसबाट मोहनबहादुर थापा र मोहनविक्रम थापा भन्ने व्यक्ति एकै भएको देखिन आई विवादित जग्गाको मोही प्रतिवादी

मोहनबहादुर भन्ने मोहनविक्रम थापा नै भएको देखिने ।

विवादित जग्गाको मोही प्रतिवादी मोहनबहादुर थापा भन्ने मोहनविक्रम थापाले दावीको जग्गा बाँडफाँड गरी मोही लगत कट्टा गरिपाऊँ भनी मिति २०६३।१२।१८ मा भूमिसुधार कार्यालयमा निवेदन गरेपश्चात् यी पुनरावेदक वादी जग्गाधनीले मिति २०६४।५।६ मा सो विवादित जग्गामा भूलवश लेखिएको मोहीको लगत कट्टा गरिपाऊँ भनी फिराद दर्ता गराई प्रस्तुत मुद्दा चलेको देखिन्छ । तर वादीले दावीको जग्गा खरीद गर्दाकै अवस्थामा सो जग्गामा मोही जनिई रहेको र साविकका जग्गधनीले मोही स्वीकारी आएको अवस्थामा पछि जग्गा प्राप्त गर्नेले विभिन्न तर्क गरी पहिले विवाद नै नभएको विषयमा विवाद गर्न मिल्ने पनि नहुँदा भूमिसम्बन्धी नियमहरू, २०२१ को व्यवस्थाअनुसार दावीको जग्गाको २ नं. अनुसूचिमा मोही जनिई रहेको कुरामा विवाद नभएको, वादीले २०२५ सालमा राजीनामा गराई लिँदासमेत मोही जनिई लिखत तयार भएको कुरामा समेत विवाद नभएको अवस्थामा प्रत्यर्थी/प्रतिवादी सो जग्गाको मोही होइनन् भन्न मिल्ने अवस्था नरहने हुँदा वादी दावीको जग्गाको मोही लगत कट्टा हुने ठहऱ्याएको शुरू भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०६६।१।१५ को निर्णय उल्टी गरी विवादित जग्गामा मोही मोहनबहादुर थापाको नाम यथावत् कायम राख्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।४।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल असार २१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-CR-०७१२, वैदेशिक रोजगार, *सतिस साह वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालालाई मिति २०६१।११।२ मा गरिदिएको कागजको सार व्यहोरालाई हेर्दा निजको दायित्त्व भनेको बिजेन्द्र शर्मालाई ३ महिनाभित्र उपस्थित गराउनु पर्ने, सो समयभित्र उपस्थित गराउन नसके रू. ५,००,०००।- (पाँच लाख) बुझाउनु पर्ने भन्ने देखिन्छ । यसअनुसार बिजेन्द्र शर्मालाई उपस्थित गराउँदा कुनै कसूर अपराध नहुने तर उपस्थित गराउन नसके कसूर अपराध हुने स्थिति र अवस्था आफैंमा विरोधाभाष रहेको देखिन आउँछ । उक्त मिति २०६१।११।२ को कागजको व्यहोराअनुसार पुनरावेदक प्रतिवादीले रकम लिए खाएको भन्ने देखिँदैन । प्रतिवादी आफैंले रकम लिए खाएको भए तेस्रो व्यक्ति बिजेन्द्र शर्मालाई उपस्थित गराउनु पर्ने शर्त बन्देज राख्नुपर्ने आवश्यकता नै रहने देखिँदैन । शर्त कबोल गरिएअनुसार मानिसलाई उपस्थित गराउन नसकिएको स्थितिमा देवानी दायित्वसम्म आकर्षित हुनसक्ने देखिन्छ । देवानी दायित्त्व आकर्षित हुनेसम्मको स्थितिमा कानूनबमोजिम सोतर्फ कारवाहीको माग गर्न सकिने ।

वैदेशिक रोजगार ठगी कसूर हुनको लागि विदेश पठाई रोजगारमा लगाइदिन्छु भनी इजाजत लिएका कम्पनी सञ्चालक हुन् वा अन्य जो कोही व्यक्तिले अर्को व्यक्तिलाई झुक्यानमा पारी कुनै सम्पत्ति लिई विदेश नपठाएको र रकम पनि फिर्ता नगरेको अवस्था हुनुपर्ने हुन्छ । आफूसँगै विदेश जाने भनी सल्लाह गरी अर्को साथीसँगै रही प्रतिवादीले समेत रकम दिई प्रतिवादीसमेत ठगीमा परेकोमा आफूले चिनाएको व्यक्तिले ठगी गरेमा चिनाउने व्यक्तिले ठगी गरेको भन्ने अवस्था रहँदैन । ठगी गर्ने मनसाय पनि नभएको, ठगी गर्ने भनिएका मुख्य व्यक्तिसँग ठगी गर्ने कार्यमा मिलेको नदेखिएको र ठगी गर्दछ भन्ने थाहा जानकारी पनि नभएको अवस्थामा अर्को व्यक्तिलाई आफूसँग कुनै काम गर्न सल्लाह मात्र दिएको आधारमा ठगी गरेको हो भन्न

नमिल्ने हुँदा प्रतिवादी सतीस साहले गरेको कागजमा मानिस उपस्थित गराउने भन्ने मुख्य आशय रहेको, मानिस उपस्थित गराउने कुराले वैदेशिक रोजगार ऐनअन्तर्गतको अपराध गरेको भन्ने देखिन आएन। प्रतिवादीले जाहेरवालालाई रकम तिर्नु बुझाउनु पर्ने दायित्व भएमा कानूनमा व्यवस्था भएबमोजिम जाहेरवालाले दिलाई भराई पाउने नै देखिनाले प्रतिवादी सतीस साहलाई अभियोग दावीबमोजिम कसूर ठहर हुने गरी भएको पुनरावेदन अदालत, इलामको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीले अभियोग दावीबाट सफाई पाउने।

इजलास अधिकृतः अम्बिका निरौला

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल वैशाख २२ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CR-०८८७, सरकारी छाप कीर्ते, *मनिष श्रेष्ठ वि. नेपाल सरकार*

अभियोगपत्रसाथ पेश भएको तथा प्रतिवादीका साथबाट बरामद भएको भनिएको कागज राहदानीको प्रतिलिपि हेर्दा राहदानीको सक्कलबाट मेशिनको माध्यमबाट स्क्यान गरेर निकालेको देखिन्छ। अभियोगपत्रमा सो कागजमा सरकारको पानी छाप र लोगो लागेको हुनाले जस्ताको तस्तै स्क्यान गर्दा सो राहदानीको पानी छाप र लोगोसमेत कीर्ते गरेको भन्ने दावी देखिन्छ। प्रतिवादीलाई अभियोग लगाउँदा मुलुकी ऐन, कीर्ते कागजको महलको १ र ९ को कसूरमा ऐ. ९ र १२ नं. को सजायको माग दावी गरिएको देखिन्छ। सो कानूनी व्यवस्थामा सरकारी छाप दस्तखत कीर्ते हुनको लागि ऐ. महलको १२ नं. अनुसार सरकारी अड्डाको छाप वा सरकारी काममा सरकारी कर्मचारीको छाप दस्तखत वा सो छाप दस्तखत भएको सरकारी कागज कीर्ते गरेको हुनुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा कीर्ते गरिएको भनिएको कागज राहदानीको भित्री पाना कम्प्युटरबाट स्क्यानसम्म गरेको र राहदानीको सो स्क्यान गरेको पानामा सरकारी छाप र कुनै सरकारी कर्मचारीको सही वा छाप परेको देखिएको छैन। उक्त कागज के कुन प्रयोजनको लागि बनाइएको हो वा कुन प्रयोजनको लागि प्रयोगमा आउँछ भनी वादीले उल्लेख गर्न सकेको नदेखिने।

सरकार वादी हुने फौजदारी कसूर प्रमाणित हुनको लागि कुनै फौजदारी कानूनको स्पष्ट उल्लङ्घन भएको हुनु जरूरी छ। फौजदारी कानूनको उल्लङ्घन गरेको भन्ने कुरा दावी लिने पक्षले सप्रमाण पुष्टि गराउन सक्नुपर्ने हुन्छ। पुनरावेदक प्रतिवादीले स्क्यान गरेको राहदानीको पाना प्रतिवादीले के कुन प्रयोजनको लागि उपयोग गर्न लागेको भन्ने कुरा वादी नेपाल सरकारबाट अभियोग पत्र र अन्य प्रमाण कागजहरूबाट खुलाउन सकेको देखिँदैन। यसकारण राहदानीको भित्री पाना कागजको फोटोकपीसरहको कागज बनाएको कार्यलाई अभियोग दावीबमोजिम कीर्ते कागजको १, ९ र १२ नं. अनुसार सरकारी छाप दस्तखत कीर्ते भन्न सक्ने अवस्था नहुँदा प्रतिवादीले राहदानीको भित्री पानालाई स्क्यान गरी सो कागजातहरू अप्रयुक्त अवस्थामा बरामद भएको घटनालाई सरकारी सक्कल कागज कीर्ते गरेको हो भन्न सकिने अवस्था नरहने हुँदा पुनरावेदक प्रतिवादी मनिष श्रेष्ठबाट बरामद भएको राहदानीको भित्री पाना स्क्यान गरेको फोटोकपीसरहको कागजलाई सरकारी छाप दस्तखत कीर्ते गरेको भन्ने वादी नेपाल सरकारबाट प्रस्तुत भएको अभियोग पत्रसँग सहमत भई वादी दावी पुग्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृतः अम्बिका निरौला

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल वैशाख २४ गते रोज ३ शुभम्।

## इजलास नं. ४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CR-०१४६, ०२५०, ३१०, कर्तव्य ज्यान, *रञ्जित राईसमेत वि. नेपाल सरकार, सुनिलकुमार वसेलसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. रञ्जित राईसमेत*

मुलुकी ऐन, अ.बं. १७२ नं. बमोजिम तत्काल तलासी लिँदा भलाद्मीलगायत कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरीले खानतलासी लिनुपर्ने कानूनी प्रावधान रहेकोमा प्रहरी नायब निरीक्षकको नेतृत्वको प्रहरी टोलीले बरामद गरेको देखिन्छ। तीनैजना प्रतिवादीहरू तथा अन्य भद्र भलाद्मीहरूको रोहबरमा बरामदी मुचुल्का भएको देखिन्छ। कुनै घरभित्र खुकुरी फेला नपरी घरबाहिर छुट्टै बनेको रणबहादुर लिम्बूको चर्पीको खाल्डोबाट कानूनी रीतपूर्वक खुकुरी बरामद भएको देखिएको अवस्थामा बरामदी मुचुल्कालाई अन्यथा भन्न मिल्ने देखिएन। वेरीतको भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन। बरामद भएको खुकुरी सनाखत मुचुल्का सञ्जु सुब्बाको रोहबरमा भएको व्यहोरा निजले अदालतमा बकपत्रसमेत गरिदिएको देखिन्छ। यसरी प्रतिवादीहरूको बयान कागज मुताबिकको ठाउँमा दर्जा पुगेको प्रहरीसमेत भै तीनैजना प्रतिवादीहरू समेत एवं खानतलासी गर्दा स्थानीय भलाद्मीहरू समेतको रोहबरमा बरामद भएको खुकुरी अपराधसँग सम्बन्धित देखिएकोले सम्बद्ध प्रमाण प्रमाण ग्राह्य नहुने भन्न मिल्ने नदेखिने।

मुद्दाको अनुसन्धान तहकीकातको अवस्थामा प्रहरीबाट गैरकानूनी बल प्रयोग गरी स्वेच्छाविरूद्ध बयान गराएको प्रमाणित हुन आएमा त्यस्तो बयान प्रमाण ग्राह्य हुँदैन। तर त्यस्तो बयान स्वेच्छाविरूद्ध भएको भनी सरकार वादी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(३) को व्यवस्थाबमोजिम अदालतमा निवेदन दिई स्वेच्छाविरूद्धको बयान हो भनी प्रमाणित गराउन सकेको नदेखिएको स्थितिमा त्यस्तो अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानलाई स्वेच्छाविपरीतको बयान भन्न मिल्दैन। त्यस्तो बयान प्रमाणमा लिन मिल्ने।

प्रहरीमा भएको प्रतिवादीहरूको साबिती बयान अन्यथा प्रमाणित गर्न नसकेको अपराध गर्न प्रयोग गरेको खुकुरीसमेत रीतपूर्वक बरामद भै खुकुरीको साइज र घाउको चोटको साइजसमेतमा तादात्म्यता देखिएको र लासजाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतबाट खुकुरी प्रहारको चोटले मेरूदण्डको हड्डी छुट्टिएको कारणबाट मृत्यु भएको भनी लासजाँच मुचुल्कामा Deep cut injury over back of neck (20 c.m.) inviting carnal bone deep cut injury inviting head of humors over left shoulder (3 c.m.) भन्ने चोट उल्लिखित भई मृत्युको कारणमा Cause of death is spinal cord dislocate भन्ने मृतकको मेची अञ्चल अस्पतालबाट भै आएको शव परीक्षण प्रतिवेदनसमेतबाट मृतकको मृत्यु धारिलो हतियारको प्रहारबाट कर्तव्य गरी भएको हो भन्ने देखाई उक्त चोट सुनिलकुमार वसेल (सार्की) एक्लैले प्रहार गरेको खुकुरीको चोटबाट नै शैलेस लिम्बूको मृत्यु भएको तथ्य उल्लिखित प्रमाणहरूबाट समेत पुष्टि हुने।

खुकुरीको चोटबाटै मृतकको मृत्यु भएको भन्ने जाहेरवालाको जाहेरी रहेकोमा प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबितीसमेतलाई धारिलो हतियारको प्रहारबाट मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट समर्थन भएको देखिएबाट प्रतिवादी सुनिलकुमार वसेल (सार्की) ले प्रहार गरेको खुकुरीको चोटकै कारणबाट मृतकको मृत्यु भएको प्रमाणद्वारा पुष्टि भएको देखिएको भनी पुनरावेदक प्रतिवादी सुनिलकुमार वसेल (सार्की) लाई शुरू जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. आकृष्ट हुने देखिएकोमा ऐ. १३(३) नं.

बमोजिम सजाय हुने ठहऱ्याएकोमा दुवै नं.का प्रावधानमा ज्यान मर्ने गरी हतियार छोड्ने अभियुक्तको हकमा एकै प्रकारको दण्ड सजायको व्यवस्था भएको देखिँदा सजायको हकमा कुनै तात्त्विक अन्तर नपरेको भनी जिल्ला अदालतको फैसला सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, इलामको फैसला मिलेकै देखिँदा सदर हुने ।

अर्का प्रतिवादीहरू रञ्जित राई र अंगे भन्ने बुद्धिराज लिम्बूको हकमा विचार गर्दा रञ्जित राईले मौकामा गरेको बयानबाट शैलेस लिम्बू पुल पारी कट्नासाथ प्रतिवादीमध्येका सुनिलकुमार वसेल (सार्की) ले बोक्न दिएको खुकुरी सुनिलले मागी लगेको र शैलेस लिम्बूलाई प्रहार गरेको भनी बयान गरेको र उक्त व्यहोरालाई अर्का दुवैजना प्रतिवादीहरूले समर्थन गरी बयान गरेको पाइन्छ । प्रतिवादी बुद्धिराज लिम्बूको सुपारीको रूख शैलेस लिम्बूले काटेकोले सोही निहुँमा निजलाई पनि सुपारीको रूख काटे झैं काटी मार्ने कुरा बुद्धिराज लिम्बूले गर्दै हिँडेको र निजकै घरमा बसी शैलेस लिम्बूलाई मार्ने योजना बनाई घरको खुकुरी सुनिलकुमारलाई बोक्न दिएको र पछि अपराध घटाई सकेपछि पनि आफ्नै घर नजिकको ट्वाइलेटमा खुकुरी गाडेको अवस्थामा निजकै बयानबमोजिम खुकुरी बरामद भएको देखिएको तर यी दुवैजना प्रतिवादीहरू रञ्जित राई र अंगे भन्ने बुद्धिराज लिम्बूले मृतकमाथि चोट छाडेको नदेखिएको र मृतकको जीउ ज्यानमा हात हाली मार्न संयोग पारिदिएको नदेखिई निजहरू शैलेस लिम्बूको ज्यान मार्ने मतसल्लाहमा सामेल भै हतियारसमेत साथ लिई घटनास्थलमा उपस्थित रहेको अवस्थामा प्रतिवादीहरू रञ्जित राई र अंगे भन्ने बुद्धिराज लिम्बूलाई ज्यानसम्बन्धी महलको १३(४) नं.को अभियोग दावी पुग्न नसक्ने भनी सोही महलको १७(१) नं. बमोजिमको कसूर गरेको ठहऱ्याई सोही १७(१) नं. बमोजिम निजहरूलाई जनही कैद वर्ष १० (दश) गर्ने ठहऱ्याएको झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको फैसला मिलेकै देखिँदा सदर हुने हुँदा अभियोग माग दावीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको र मौकामा भएको बयान स्वेच्छाको बयान होइन, वारदात घट्दा घटनास्थलमा थिएनौं, अभियोग माग दावीबाट सफाइ पाऊँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत: लालकाजी श्रेष्ठ

इति संवत् २०७० साल असार १२ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती, मा.न्या.श्री तर्कराज भट्ट,** २०६९-WO-०७६९, उत्प्रेषण, परमादेश, प्रतिषेधसमेत, *केशव स्थापित वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विभिन्न निकायमार्फत सरकारले आफ्नो जिम्मेवारी तथा उत्तरदायित्व पूरा गर्नु र त्यसका लागि विधायिकाबाट अनुमोदन गराई कानून निर्माण गर्नु कार्यपालिकीय कर्तव्य हो । त्यसैले प्रत्येक निकायका आ-आफ्ना कानूनी स्वरूप हुन्छन् र तिनमा नियुक्ति र अवकाशसमेतका विषयमा आफ्नै खालका विधिविधान हुनुलाई कानूनीरूपमा अन्यथा मान्नु नपर्ने ।

कुनै पनि सार्वजनिक पदाधिकारीलाई सेवा गर्न पाउने हकका सन्दर्भमा निश्चित् कानूनी सुरक्षण प्रदान गरिएको हुन्छ । त्यसै गरी सेवाको अन्त्यका लागि पनि केही कानूनी प्रबन्ध गरिएकै हुन्छ । अवकाश दिनै सकिन्न भन्ने मान्यता कानूनसम्मत हुन सक्दैन । तर, अवकाशको निर्णय कानूनसम्मत भने हुनै पर्दछ । यसका लागि सो निर्णय अख्तियारी प्राप्त निकाय वा पदाधिकारीबाट हुनु पहिलो आवश्यकता हो भने दोस्रो आवश्यकता कानूनद्वारा

निर्धारित अवकाश दिईंदा अवलम्बन गर्नुपर्ने कार्यविधिको परिपालन हुनैपर्ने ।

छानबीन समितिले निवेदकलाई पदबाट हटाउन सिफारिश गरेको कुरा निर्विवाद छ। छानबीन समिति कानूनद्वारा सिर्जित निकाय हो। सिफारिश गर्नुपर्ने आफ्नो दायित्व पूरा गरेपछि यो समिति स्वतः विघटन हुन्छ। तर, यसको दायित्व यसलाई गठन गर्ने निकायमा सर्दछ। यस्ता कानूनअन्तर्गतका अस्थायी प्रकृतिका समितिको दायित्व वा जवाफदेहीता गठन गर्ने निकायले बहन गर्नुपर्ने ।

कानूनको व्याख्या गर्दा सहज र स्वाभाविक अर्थलाई ग्रहण गर्नुपर्ने हुन्छ। आफू स्वयम् अध्यक्ष रहेको समितिले आफ्नै अध्यक्षको कार्यक्षमताको प्रश्न उठाई छानबीन समिति गठन गरिनुपर्ने विधिकर्ताको मनसाय हुन सक्दैन। तसर्थ, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १३ अन्तर्गतको मूलसमितिले निवेदक सञ्चालक समितिको अध्यक्षका विषयमा नियम २४ को प्रयोजनका लागि छानबीन समितिको गठन गरिएको कार्यलाई गैरकानूनी भन्ने अर्थ गर्न नसकिने ।

प्रत्येक कानून आफैँमा पूर्ण हुन्छन्। के कस्ता प्रावधान उक्त कानूनमा राख्ने भन्ने कुरा विधायनको क्षेत्र हो। विधायनअन्तर्गत विधायिका तथा सो निकायद्वारा प्रत्यायोजित अधिकारअन्तर्गत बनेको कानूनमा उल्लिखित व्यवस्था नै कुनै पनि कार्य विधिसम्मत् भयो वा भएन भन्ने हेरिने मापदण्ड मान्नुपर्ने ।

इजलास अधिकृतः- कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल साउन १३ गते रोज १ शुभम्

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-१४५०, निर्णय दर्ता बदर दर्ता, *मु.स. गर्ने राजु काफ्ले वि. शारदा नेपाल*

भक्तपुर जिल्ला बागेश्वरी गाउँ विकास समिति वडा नं. २(ख) स्थित कि.नं.१६० र १७१ को जग्गा कृष्णप्रसाद पाध्याको कुश विर्ताको लगत भिडाई नारायणदत्त काफ्लेले रैकर परिणत गराई दर्ता गराएको भन्ने आफूलाई मिति २०६४।३।२० मा मालपोत कार्यालय, भक्तपुरबाट नक्कल उतार गरी लिँदा थाहा भएको भनी वादीले फिरादपत्रको प्रकरण नं.२ मा उल्लेख गरेको देखिन्छ। लगाउको जालसाजी मुद्दाको शुरू मिसिल सामेल रहेका वादीले फिरादपत्रसाथ पेश गरेका मालपोत कार्यालय भक्तपुरका कागजातहरूको छाँयाप्रति हेर्दा उक्त कागजातहरू मिति २०६४।३।२० मा प्रमाणित गरिएको अवस्था देखिन्छ। प्रमाणित भएको उक्त मितिबाट वादीले मिति २०६४।३।२० मा मालपोत कार्यालय, भक्तपुरबाट कागजातहरूको नक्कल लिएको भनी फिरादपत्रको प्रकरण नं.२ मा उल्लेख गरेको व्यहोरा समर्थित भएको अवस्था छ। फिरादपत्रको पहिलो अनुच्छेद्मा वादीले मिति २०६३।३।२० मा नक्कल लिई थाहा पाएको भन्ने व्यहोरा उल्लेख गरेतापनि सोही फिरादको प्रकरण नं.२ मा उल्लिखित व्यहोरा र मिसिल संलग्न कागजातहरूबाट मिति २०६३।३।२० मा नक्कल लिएको भन्ने व्यहोरा भूलवश लेखिन गएको भन्ने देखिँदा हदम्यादको आधारमा फिराद खारेज गर्नु र प्रमाणको अभावमा वादी दावी पुग्दैन भन्नु परिणामको हिसाबले समान भए पनि कानूनतः यी दुई फरकफरक अवस्था हुन्। मुद्दामा वादी दावी नपुग्ने गरी फैसला गर्दा मिसिल संलग्न प्रमाणको विवेचना गरेकै हुनुपर्दछ। फिराद हदम्याद नाघी दायर भएको अवस्था भए त्यस्तो मुद्दाको फिराद खारेज गर्नुपर्ने हुन्छ। भक्तपुर जिल्ला अदालतको फैसलामा उपरोक्त अवस्थाहरूको मनन् नै नगरी हदम्यादको आधारमा वादी दावी नपुग्ने भनी फैसला गरेको देखिने ।

मुलुकी ऐन, जग्गा पजनीको १७ नं. मा "तालुकदारले खापी खाएका बाहेक एकाको हकको

जग्गा अर्कोले दर्ता गराएकोमा थाहा पाएको मितिले ६ महिनाभित्र र अरू कुरामा भए गरेको मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्दैन" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। त्यस्तै, जग्गा मिच्नेको १८ नं. मा रोक्का भएको जग्गा लिए दिएको र जग्गा दपोट वा तिरो दपोट गरेको कुरामा बाहेक अरू जग्गाको कुरामा थाहा पाएको मितिले छ महिनाभित्र, कुत बालीको कुरामा ३ वर्षभित्र र जग्गाको झगडा परेको बालीको हकमा जग्गाको हक छुट्टिई अन्तिम किनारा भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्दैन" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। वादीले मिति २०६४।३।२० मा मालपोत कार्यालय, भक्तपुरबाट नक्कल लिई थाहा पाएको भन्ने मिसिल संलग्न कागजातहरूको प्रमाणित प्रतिलिपिहरूबाट देखिएको र प्रस्तुत मुद्दाको फिराद मिति २०६४।४।२१ म दायर भएको हुँदा हदम्याद नाघी फिराद दायर भएको भन्न मिल्ने नदेखिँदा वादी प्रतिवादी दुवै पक्षले पेश गरेका सम्पूर्ण प्रमाणको विवेचना गरी निर्णय बदर हुने नहुने सम्बन्धमा निर्क्यौल गर्नुपर्नेमा सो नगरी हदम्यादसमेतको आधार देखाई वादी दावी पुग्न नसक्ने ठहर गरेको भक्तपुर जिल्ला अदालतको मिति २०६६।९।२९ को फैसला बदर गरी पुनः निर्णयको लागि शुरू जिल्ला अदालतमा पठाउने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०७० साल जेठ २२ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६८-CR-१३२१, जालसाजी, *मु.स. गर्ने राजु काफ्ले वि. शारदा नेपाल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## ३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CR-०७७४, कर्तव्य ज्यान, *पुष्पबहादुर कार्की वि. नेपाल सरकार*

ताकेर नै लाठीले टाउकोमा पटकपटक प्रहार नगरेको भए मृत्यु हुने सम्भावना कम भई ज्यान जाने थिएन। यस तथ्यको पुष्टि शव परीक्षणबाट हुन्छ। किनकि मृतकलाई लाठीले टाउकोमा प्रहार गरिएको छ र त्यही टाउकोको चोटको कारणबाट धनबहादुरको मृत्यु भएको छ। वारदात संयोगवश नघटेको, पहिलो चोटपछि चोट नथपेको भए बाँच्नसक्ने सम्भावना थियो। तर, उत्तेजनामा आई चोटमाथि चोट छाडिएको प्रमाणबाट पुष्टि हुन्छ। त्यसकारण प्रस्तुत वारदातलाई ज्यानसम्बन्धी महलको ५ नं. मा वर्णित अन्तर्वस्तुको अभावमा भवितव्यको वारदात भन्न नमिल्ने।

प्रतिवादीले मृतकको घर जान इन्कार गरेपछि मृतकले ती प्रतिवादीउपर लात्ती प्रहार गरेपछि मात्र वारदातको जरीया सिर्जना भएको छ। मृतकले नै पहिला प्रहार गरेको छ। त्यसपछि मात्र प्रतिवादीले मृतकलाई आक्रमण गरेको छ। प्रतिवादीले धनबहादुरलाई मार्ने योजना बनाई प्रहार गरेको वा निजको ज्यान मार्ने गरी लुकी छिपी प्रहार गरेको समेत अवस्था छैन, धारिलो हतियार प्रयोग भएको भन्ने नदेखिँदा "ज्यान मार्नाको मनसाय रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, ज्यान मार्ने, लिनुपर्नेसम्मको इबी पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा" मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. ले वर्णित गरेको अपराधको प्रकृतिभित्र पर्न आउँछ। धनबहादुरको ज्यान गएको तथ्यसँग सम्बन्धित वारदातमा दाउरा प्रयोग भएकोसम्म देखिन्छ। प्रस्तुत वारदातको समग्र प्रकृतिको सूक्ष्म मनन् गरी हेर्दा एक पक्षले अर्को पक्षको कुनै खास व्यक्तिलाई मार्ने

गरी पूर्व रिसइबीकासाथ योजना बनाएको देखिँदैन । यस्तो अवस्थाको वारदातलाई ज्यानसम्बन्धीको १३ नं. द्वारा परिभाषित गरिएको नियतवश वा मनसायपूर्वक गरिएको हत्याको संज्ञा दिन मिल्ने नभई यो ज्यानसम्बन्धीको १४ नं. अन्तर्गतको वारदात भएको स्पष्ट देखिने ।

प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. विपरीत कसूर कायम हुनुपर्ने भन्ने प्रतिवादीतर्फका विद्वान कानून व्यवसायीको बहस जिकीर एवं प्रतिवादीको पुनरावेदन जिकीर तथा प्रतिवादीलाई आरोपित ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने सो हदसम्मको वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्ने नदेखिने ।

यी प्रतिवादीमा मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइबी नरहेको, तास खेली घर जाने क्रममा मृतकले यी प्रतिवादीलाई लात्तीले हानेको कारण तत्काल आवेशमा आई दाउराले प्रहार गर्दा मृतक धनबहादुर तामाङको मृत्यु भएको देखिँदा प्रतिवादीको कसूर ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको देखिँदा सोही महलको १४ नं. बमोजिम प्रतिवादीलाई सजाय ठहर गर्नुपर्नेमा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको संखुवासभा जिल्ला अदालतको मिति २०६६।६।२१ को फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६६।१२।१९ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी कान्छो कार्की भन्ने पुष्पबहादुर कार्कीलाई ज्यानसम्बन्धीको १४ नं. को कसूरमा १० (दश) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल जेठ २९ गते रोज ४ शुभम् ।

**४**

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-१०५३, निषेधाज्ञा, *अवि डंगोलसमेत वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत*

निषेधाज्ञाको आदेश जारी गर्नको लागि निवेदन दावीको विषयवस्तुमा निवेदकको निर्विवाद हक रहेको भन्ने देखिनु पर्दछ । दावीको कि.नं. ६७० को जग्गामा पुनरावेदकहरूले आफूहरूको निर्विवाद हक रहेको भन्ने तथ्यलाई पुष्टि गर्न नसकेको अवस्था हुँदा पुनरावेदकहरूको हकमा आघात पुऱ्याउने आशङ्का रहेको भनी भन्न मिल्ने देखिएन । आफूहरूलाई प्रहरी कार्यालयमा उपस्थित गराउने आशङ्का रहेको भनी निवेदकहरूले निवेदनमा उल्लेख गरेको भएतापनि प्रहरी कार्यालयबाट उपस्थित हुने सम्बन्धमा प्रहरी कार्यालयबाट लेखिएका पत्रहरू पुनरावेदकहरूले पेश गर्न सकेको देखिँदैन । प्रत्यर्थी महानगरीय प्रहरी परिसर, काठमाडौंसमेतको लिखित जवाफमा निवेदनमा उल्लिखित घरजग्गासम्बन्धी विवादमा आफ्नो कार्यालयबाट निवेदकहरूलाई उपस्थित गराउने, घर टहरा भत्काउन तथा खाली गराउन दबाब दिने र पक्राउ गर्नेलगायतको कुनै काम नगरेको र भविष्यमा समेत त्यस्तो काम कारवाही नगरिने भन्ने व्यहोराको प्रतिबद्धता व्यक्त गरेको पाइन्छ । सरकारी निकायहरूले अदालतसमक्ष प्रस्तुत गरेको लिखित जवाफमा व्यक्त गरेको प्रतिबद्धतालाई अन्यथा भन्न नमिल्ने हुँदा निवेदन दावीबमोजिमको आशङ्काको स्थिति विद्यमान रहेको नदेखिँदा निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।३।२९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल असार २७ गते रोज ५ शुभम् ।

**५**

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-१२५४, निषेधाज्ञा, *राजनाथ उपाध्याय वि. देवीराम शेरचनसमेत*

पुनरावेदककी पत्नी इन्दिरादेवी उपाध्याय र प्रत्यर्थी देवीराम शेरचनबीच मिति २०६३।२।१४ मा भएको करार शर्तनामा लिखतको मिसिल संलग्न छायाँप्रति हेर्दा निवेदनमा उल्लिखित घरजग्गा राजीनामा गरी लिने दिने सम्बन्धमा दुई पक्ष सहमत भै लिखत गरेको देखिन्छ। उक्त करार शर्तनामाको लिखतबमोजिम कि.नं. ४५७ को क्षेत्रफल ०-१२-२-१ जग्गा र सोमा बनेको घर इन्दिरादेवी उपाध्यायले प्रत्यर्थी मीना शेरचनलाई र. नं. ४०३९ (घ) मिति २०६४।२।२८ को राजीनामा लिखतद्वारा हक हस्तान्तरण गरेको भन्ने मिसिल संलग्न राजीनामा लिखतको छायाँप्रतिबाट देखिन्छ। त्यस्तै इन्दिरादेवी उपाध्यायले प्रत्यर्थी मीना शेरचनलाई मिति २०६४।२।२३ मा गरिदिएको कागजको मिसिल संलग्न प्रतिलिपि हेर्दा इन्दिरादेवीले रू. ६४,००,०००।- बुझी लिएको र राजीनामा लिखतबमोजिम क्रेताले घरजग्गा भोग गर्न नपाएमा व्याजसहित रकम बुझाउने छु भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ। उक्त लिखतमा यी पुनरावेदक राजनाथ उपाध्यायसमेत साक्षी बसी सहीछाप गरेको देखिन्छ। साथै, पुनरावेदकले रू. ८,५०,०००।- बुझी मिति २०६४।१२।१ मा गरेको कागजको मिसिल संलग्न प्रतिलिपि हेर्दा, "अब कुनै लिनदिन छैन र उक्त घरजग्गा २०६५ साल वैशाख १ गते खाली खाल्सा गरी गराइदिनेछु" भन्ने व्यहोरा उल्लेख भएको देखिने।

घरजग्गाको मूल्यमध्ये विपक्षीबाट रू. २६,००,०००।- पाउन बाँकी रहेको र सोही सन्दर्भमा करारबमोजिमको दायित्व पूरा गराई पाऊँ भन्ने मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर गरी कारवाहीयुक्त अवस्थामा रहेको भन्ने तथ्य निवेदकले निवेदनमा उल्लेख गरेको अवस्था छ। यस विषयमा काठमाडौं जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको सोही मुद्दाबाटै निरूपण हुने र.नं. ४०३९ (घ) मिति २०६४।२।२८ को राजीनामा लिखतद्वारा खरीद गरेको कि.नं. ४५७ को घरजग्गा खाली नगरेको हुँदा घर कम्पाउण्ड खाली गरी पाऊँ भनी प्रत्यर्थीहरूले पुनरावेदक समेतउपर दिएको मुद्दामा यी पुनरावेदकले प्रतिवाद नगरी घर कम्पाउण्ड खाली गरी दिने ठहर भई काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।१०।५ मा फैसला भै अन्तिम भै बसेको र उक्त फैसलाको फैसला कार्यान्वयनलाई रोक्नको लागि प्रस्तुत निषेधाज्ञाको निवेदन परेको देखियो। निवेदनमा उल्लिखित घर कम्पाउण्ड खाली गर्नु नपर्ने कुनै कारण भए सप्रमाण प्रतिवाद गर्नुपर्नेमा पुनरावेदकले सोसमेत गरेको देखिएन। अदालतबाट भएको अन्तिम फैसला कार्यान्वयनको कार्य निषेधाज्ञाको निवेदनबाट रोक्का राख्न मिल्ने नदेखिने।

निवेदन दावीको जग्गा मिति २०६४।२।२८ मा पुनरावेदककी पत्नी इन्दिरादेवी उपाध्यायले प्रत्यर्थी मीना शेरचनलाई र.नं. ४०३९(घ) बाट पारीत राजीनामा लिखतद्वारा हक हस्तान्तरण गरिसकेको देखिँदा उक्त घरजग्गामा पुनरावेदकको सोही मितिदेखि हक अधिकार समाप्त भैसकेको अवस्था छ। हक हस्तान्तरण गरिसकेको घरजग्गामा पुनरावेदकको हक नै नरहने हुँदा पुनरावेदकको हकमा आघात पुऱ्याउने आशङ्का रहेको भनी भन्न मिल्ने नदेखिँदा हक हस्तान्तरण गरिसकेको सम्पत्तिमा अदालतबाट भएको अन्तिम फैसला कार्यान्वयनको प्रक्रिया रोक्का राख्न नमिल्ने हुँदा निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।६।१ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०७० साल असार २७ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-०८४०, **अंश चलन,** *जयन्त खडकासमेत वि. पुष्पा खडकासमेत*

अंशियारमध्ये जसको नाममा सो सम्पत्ति भएपनि त्यो उसैको एकलौटी हुँदैन। कुन सम्पत्ति बण्डा लाग्ने र कुन नलाग्ने भन्ने कुराको मापदण्ड अंशबण्डाको १८ नं. हो। वादीहरूले सो सम्पत्ति बण्डा लाग्नु पर्ने मागका सम्बन्धमा औँल्याएको

प्रमाण ऐन, २०३१ को दफा ६(क) सारभूत कानून नहुँदा सान्दर्भिक छैन । एकाघर सँगका अंशियारमध्ये जो सुकैको नाममा रहेको सम्पत्ति सगोलको मानिने कुरा अनुमान हो र यो अनुमान पनि अन्यथा प्रमाणित भएमा कायम रहँदैन । तसर्थ, प्रमाण ऐन, २०३१ को दफा ६(क) का आधारमा दावी स्थापित हुने नभई विचाराधीन मुद्दामा प्रमाणका कडीमा यो अनुमान गरिने विषय मात्र हो । यस दफालाई अंशबण्डाको १८ नं. ले परिसीमित गर्दछ । विवादित सम्पत्ति पैतृक नभएकोमा विवाद छैन । पैतृक सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि यो होइन भन्ने कुरामा पनि वादीको सहमति नै छ । केवल त्यो सम्पत्ति आर्जन गर्न आफ्नो पक्षको पनि योगदान छ भन्ने वादीको कथन रहेको छ । तर, प्रतिवादीको नोकरी, आधिकारिक मध्यमबाट भारतबाट रकम नेपाल पठाएको मिति र जग्गा किनिएको मितिसमेतले वादीको जिकीरलाई पुष्टि गर्दैन । वादी पक्षबाट कुनै प्रमाण पेश हुन नसकेको र प्रतिवादी पक्षबाट पेश भएका प्रमाणलाई अंश बण्डाको १८ नं. मा भएका व्यवस्थाको परिप्रेक्ष्यमा प्रस्तुत विवादको निरूपण गर्नुपर्ने ।

वैदेशिक रोजगारमा अरबमा रहेको छोराले आधिकारिक माध्यमबाट रकम पठाएको मिति र निजका बाबुका नाममा जग्गा खरीद भएको मितिको विश्लेषण गर्दै यो सम्पत्ति अंश बण्डाको १८ नं. अनुरूप निजी आर्जनको मानी अंश गरिन बाध्य पार्न नसकिने मान्यता यस अदालतले *नेकाप* २०६९ भदौ, नि.नं. ८८३०, पृष्ठ ७५८ मा स्थापित गरिसकेको छ । उक्त निर्णयमा भनिएको छ, "पैतृक सम्पत्तिसँग कुनै सम्बन्ध नगाँसिने र परिवारका अन्य सदस्यको सो सम्पत्ति आर्जनमा कुनै योगदान आक्न नसकिने सम्पत्ति बण्डा गर्न कर नलागोस् भन्ने नै अंशबण्डाको १८ नं. को आशय हो । विदेशमा रहेको आफ्नो छोराको आर्जनबाट आफ्नो नाममा खरीद भएको सम्पत्ति पनि निजी श्रम, सीप र प्रयासमध्ये प्रयासको आर्जन भएबाट सोबाट अंश दिन बाध्य बनाउनु अंशबण्डाको १८ नं. प्रतिकूल हुन जान्छ" । विवादको सम्पत्ति प्रतिवादीको श्रमको आर्जन मान्नुपर्ने ।

अतः कि.नं. २०१ र ११५७ का जग्गा प्रतिवादी लोकबहादुर खड्काले भारतमा नोकरी गरी कमाएको रकमबाट खरीद गरी सो जग्गामा घर निर्माण गरेको देखिँदा प्रतिवादीको निजी आर्जनको रकमबाट जग्गा खरीद गरी सोमा निर्माण भएको घरमा अन्य अंशियारको अंशहक लाग्न नसक्ने भएकोले सो जग्गा घर सगोलको सम्पत्ति हो भनी अनुमान गर्न नमिल्ने हुँदा मुलुकी ऐन, अंशबण्डाको १८ नं. बमोजिम सो सम्पत्ति प्रतिवादीको निजी ठहरी आफूखुश गर्न पाउने हुँदा उल्लिखित कि.नं. २०१ र ११५७ का जग्गा र सोमा रहेको घरबाहेक अन्य सम्पत्तिको दुई भागको एक भाग अंश वादीले पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल जेठ २२ गते रोज ४ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WH-००८७, बन्दीप्रत्यक्षीकरण, *डिकमाया गुरूङको हकमा देवी कुमारी वि. प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंसमेत*

सीता शेर्पाबाट निवेदिकाले लगेको रू. ३५,००,०००।- रकम फिर्ता माग गर्दा आलटाल गरेको र विभिन्न धाकधम्की दिएको हुँदा मलाई झुक्याई ठगी गरेको भनी सीता शेर्पाले महानगरीय प्रहरी परिसरमा जाहेरी दरखास्त दिएको र सोही जाहेरी

दरखास्तको आधारमा प्रस्तुत रिट निवेदिका डिकमाया गुरूङलाई पक्राउ गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(२) अनुसार थुनामा राखी अनुसन्धान गर्नको लागि काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।३।१२ मा पहिलो पटक ५ दिनको म्याद थप अनुमति लिएको तर उक्त मिति समाप्त भएपश्चात् पनि घटना वारदात सम्बन्धमा बुझ्ने कार्य बाँकी नै रहेको भनी मिति २०७०।३।१७ मा दोस्रो पटक ५ दिनको म्याद थप गरी प्रहरी हिरासतमा राखी अनुसन्धान गर्दै गरेको भन्ने तथ्य महानगरीय प्रहरी परिसर, काठमाडौंको लिखित जवाफबाट देखिएको अवस्थामा कानूनबमोजिम अदालतको अनुमतिले नै निवेदिकालाई थुनामा राखी अनुसन्धान गरिरहेको देखिन आयो। सो हुँदा अधिकार प्राप्त अधिकारीद्वारा थुनामा राखिएको कार्यलाई गैरकानूनीरूपमा थुनामा राखिएको भन्न मिल्ने नदेखिने।

जाहेरी दरखास्त वा सूचनाका आधारमा कुनै कसूर वा मुद्दाका सम्बन्धमा अनुसन्धान गर्न पाउने अधिकार भएको तथा कर्तव्य तोकिएको निकायले अनुसन्धान कारवाही अगाडि बढाउन पाउने कुरामा अदालतबाट हस्तक्षेप गरी अनुसन्धान कार्यलाई प्रभाव पार्न मिल्ने देखिँदैन। प्रहरीद्वारा अनुसन्धान गर्दै गरेको विषयमा मुलुकी ऐन, ठगीको महलको १ नं. को कसूरभित्र पर्ने हो होइन वा बैंकिङ् कसूरअन्तर्गतको चेक अनादरको कसूरभित्र पर्ने हो सो सम्बन्धमा अनुसन्धानपश्चात् मुद्दा दायर हुने समयमा गरिने व्याख्या तथा निर्णयद्वारा तोकिने विषय हो। अदालतले उक्त विषयमा अनुसन्धान तहकीकातबाट पूर्ण तथ्य आउनुपूर्व नै अमुक मुद्दा चल्ने हो वा होइन भनी अन्दाज गरी हस्तक्षेप गर्न मिल्ने देखिन आएन। अधिकारप्राप्त अधिकारीद्वारा रिट निवेदिकालाई थुनामा राखी अनुसन्धान गरिरहेको अवस्थामा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७० साल साउन २ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-११६९, उत्प्रेषण, परमादेशसमेत, *श्यामबहादुर अग्रवाल वि. नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाडौंसमेत*

नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रबाट लुम्बिनी बैंक लिमिटेड हेटौंडा शाखाको नाममा प्रेषित मिति २०६९।५।१४ को पत्र हेर्दा उक्त कि.नं. ३२७ को क्षेत्रफल १-५-४ को जग्गामा हारती वायर इण्डष्ट्रिज रहेको र उक्त उद्योगले ऋण तिर्न नसकेको कारणबाट सो जग्गा घर लुम्बिनी बैंक लि.ले आफ्नो नाउँमा दर्ता गराएकोले विद्युत महसूलबापतको बुझाउनु पर्ने रकम उपलब्ध गराउनु भन्ने मागसहितको व्यहोरा उल्लेख गरेको पाइयो। यसरी गरिएको पत्राचारमा समेत हारती वायर इण्डष्ट्रिज कि.नं. ३२७ मा बनेको तथ्यलाई विद्युत प्राधिकरणले स्वीकार गरेको अवस्था रहेको र सोही हारती वायर इण्डष्ट्रिज प्रा.लि. बाटै विद्युत प्राधिकरणले कानूनबमोजिम असूलउपर गर्नुपर्ने रकम त्यस सम्पत्तिको हालको धनी लुम्बिनी बैंकद्वारा लिनुपर्ने सोचअनुसार कारवाही अघि बढिसकेकोमा सोही विषयका लेनामा अब अरूअरूबाट दोहोर्‍याई लेना दावी देखाउनु वाञ्छनीय देखिन आएन। को कहाँबाट कति लिनुपर्ने हो सो कुरामा विद्युत प्राधिकरण आफैंमा स्पष्ट रहनु पर्ने।

देश विकासको लागि औद्योगिक क्षेत्रको विकास पर्याप्त मात्रामा गरी आर्थिक उन्नतिको गतिलाई बढी गतिशील बनाउनु पर्नाको साथसाथै रोजगारमूलक उद्योग व्यवसायलाई सेवा सुविधा दिने राज्यको नीति रहेको अवस्थामा उद्योगलाई कानूनको दायरामा रही सहयोग पुग्ने किसिमले विद्युत प्राधिकरणले आफ्नो तर्फबाट औद्योगिक विकासको लागि सहयोग पुर्‍याउनु पर्ने दायित्वलाई कानूनबमोजिम निर्वाह गर्नुपर्दछ। नागरिक वा उद्योगले कसरी बिजुली सुविधा पाउन सक्छ भनी सोध्नु पर्नेमा कसरी रोक्न सकिन्छ भनी परास्त गर्ने नीति लिनु हुँदैन। निवेदकलाई विद्युत आपूर्ति गर्न नदिइए निजले उद्योग सञ्चालन गर्नसक्ने

अवस्था रहँदैन । अरूको दायित्व सकार गराउन निवेदकलाई विवस् गराउनु सो नगरे विद्युत लाइन नदिनु भनेको निजलाई उद्योग खोली पेशा व्यवसाय गर्न पाउने हकबाट बञ्चित गर्नु हो । विद्युत प्राधिकरणले लेना बक्यौता रकम हारती वायर इण्डष्ट्रिजको नाउँमा रहेको कि.नं. ३२७ बाटै असूल गर्नुपर्ने भनी आफैंले मानी सोतर्फ पत्राचार गरी कारवाही चलाइसकेको अवस्थामा त्यही कुरा झिकी छुट्टै जग्गामा बनाएको विनायक कताई उद्योगलाई कि.नं. ३२७ मा अवस्थित हारती वायर इण्डष्ट्रिजले विद्युत महसूल बुझाउनु पर्ने दायित्व निर्वाह नगरेको कसूरमा बेसरोकारका यी निवेदकलाई सोको भागीदार बनाई निजलाई उद्योग खोली आफ्नो पेशा व्यवसाय गर्ने कानूनी तथा संवैधानिक हकलाई कुण्ठित हुने गरी विद्युत आपूर्तिबाट बञ्चित गर्न नमिल्ने हुँदा आवश्यक पर्ने विद्युत जडान रोक्ने कार्य त्रुटिपूर्ण भएको देखिन आउँदा विद्युत महसूल बक्यौता राखेको हारती वायर इण्डष्ट्रिज देखाई विनायक कताई उद्योगलाई विद्युत नदिने भनी प्रेषित भएका पत्रहरू त्रुटिपूर्ण भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरी कि.नं. ४५१, ४५२ र ८१४ मा बनेका घर टहरामा विद्युत लाइन जडान गरिदिनु भन्ने परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७० साल साउन २ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-०४९४, निषेधाज्ञा, *नन्दलाल रायसमेत वि. रामदेव दास वैष्णवसमेत*

पुनरावेदक विपक्षीहरूले यिनै रामदेव दास वैष्णव र वीरेन्द्र दासविरूद्ध धर्मलोप मुद्दा सर्लाही जिल्ला अदालतमा दिँदा फिरादपत्रको प्रकरण (१) मा नै उक्त मठको महन्थ जानकी दासले आफूपछिको चेला विपक्षी दुवैजनालाई नियुक्त हुने गरी २०४८।११।२३ मा घरसारको लिखत गरी दिनु भएको रहेछ भनी उल्लेख गरी विपक्षी बनाउँदा पनि यिनै निवेदक रामदेव र वीरेन्द्र दासलाई जानकी दासले चेला छोरा भनी सम्बोधनसमेत गरी अन्ततः मठबाट च्यूत गर्ने माग गरेको देखिन्छ । यस निषेधाज्ञा मुद्दामा पनि पुनरावेदक विपक्षी नन्दलाल रायसमेतको लिखित जवाफबाट पनि विवादित मठको महन्थ र चेला महन्थको विषयमा विवाद भएको देखिँदैन । जिल्ला प्रशासन कार्यालयबाट पेश भएको लिखित जवाफमा पनि वीरेन्द्र दासलाई महन्थ भनी सम्बोधन गरेको देखिएकोबाट समेत मठको महन्थ भएको विवाद नदेखिई निजहरूलाई बेसरोकारका व्यक्तिहरू हुन् भन्न नमिल्ने ।

पुनरावेदक विपक्षी नन्दलाल रायसमेतले पेश गरेको लिखित जवाफको प्रकरण नं. ३ मा भगवान्‌को नियमित पूजापाठ गराउनका लागि गाउँ समाज भै विपक्षीले लगाएको मन्दिरको ताला खोली पूजाअर्चनाको व्यवस्था गरी मन्दिरमा राम्ररी सञ्चालन होस्, मन्दिरको सम्पत्ति नास नहोस् भनी समिति बनाएको हौं भनी समिति बनाएकोमा स्वीकारोक्ति रहेको देखिन्छ । यस प्रकार श्री ठाकुरजी जानकी मठको सम्पत्तिमा आफ्नो नियन्त्रण हुने गरी संस्था दर्ता गर्न लागेको तथ्य स्पष्ट देखिने ।

श्री ठाकुरजी जानकी जीवन मठका हकदार महन्थहरू यी निवेदक प्रत्यर्थीहरू भएको र सो मठ सञ्चालन गर्ने निर्विवाद हक निजहरूमा रहेको देखिएको अवस्थामा यी पुनरावेदक विपक्षीहरूले उक्त मठ सञ्चालन र संरक्षण गर्ने भनी समिति बनाई संस्था आफ्नो नियन्त्रणमा लिने उद्देश्यले दर्ता गर्न पाउने कानूनी आधार नदेखिएको र त्यसो गर्दा प्रत्यर्थी निवेदकहरूको मठ सञ्चालन गर्न पाउने हक अधिकार कुण्ठित हुने देखिएको अवस्थामा सो मठको सम्पत्ति हस्तक्षेप नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः चाणकमणि अर्याल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल साउन १७ गते रोज ५ शुभम् ।

## पुनरालोकन निस्सा

**सम्माननीय का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री प्रकाश वस्ती, मा.न्या.श्री.ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RV-०११६, भरपाई लिखत दर्ता बदर दर्ता कायम, *पुरण शमशेर ज.ब.रा. वि. रूद्रकुमारी देवी शाहसमेत*

सगोलको अबण्डा सम्पत्तिमा सबै अंशियारहरूको समान हक अधिकार अन्तर्भूत रहेको हुन्छ । मोहीयानी लागेको सम्पत्तिमा भूमिसम्बन्धी ऐन, २०२१ को २०५३।९।२४ मा भएको संशोधनले मोहीलाई पनि सो सम्पत्तिको सहस्वामीको रूप दिएबाट सो सम्पत्ति पनि अंश लाग्ने कानूनी मान्यता यस अदालतले अङ्गीकार गरिसकेको छ । यसरी कि.नं. ११२७ को ०-१०-३-२ जग्गाबाट यी वादीले आफ्नो हक परित्याग गरेको कुनै प्रमाण देखिँदैन । साथै मन्त्र नेपाल इन्टरनेशनल नामको कम्पनीको ऋण तिरी दिएबापत वादीको अंश हकबाट कट्टा हुने गरी कुनै सम्झौता वा लिखत वादीले गरी दिएको पनि मिसिलबाट देखिँदैन । प्रतिवादी खड्गकुमारीले कि.नं.११२७ को ०-१०-३-२ जग्गाबाट आधी जग्गाको मूल्य रू.१०,००,०००।- मोहीको क्षतिपूर्तिबापत बुझी मिति २०६१।१२।१८ मा भरपाई गरी दिएको कार्यले यी वादीको अंशहकमा असर नपरेको भन्न सकिने अवस्था छैन । शुरू जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनको फैसला उल्टी गरी खारेज हुने ठहऱ्याएको यस अदालतको फैसलामा ने.का.प.२०६७, साउन, नि.नं.८३५९, पृष्ठ ६६७, ने.का.प.२०६८, साउन, नि.नं.८५९७, पृष्ठ ६४६ र ने.का.प.२०६९, असोज, नि.नं.८८४५, पृष्ठ ९४६ का नजीरप्रतिकूल प्रस्तुत फैसला रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम मुद्दा पुनरालोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०७० साल भदौ २८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६९-RV-०१८५, उत्प्रेषणसमेत, *यादव अधिकारी वि. मृत्युञ्जयराज पाण्डे*

यसमा प्रहरी नियमावली, २०४९ को नियम ९३क मा "नियम ९३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सजाय पाउने प्रहरी कर्मचारी कार्यरत् रहेको कार्यालयमा सजाय गर्न अधिकारप्राप्त अधिकारी नरहेको अवस्थामा माथिल्लो कार्यालयको दर्जा पुगेको कर्मचारीबाट विभागीय कारवाही गर्न वा पुनरावेदन सुन्न बाधा पर्ने छैन" भन्ने व्यवस्था भएको र यस अदालतबाट २०५२ सालमा रिट नं. ३०१४ (*निवेदक प्र.ज. रामकुमार काफ्ले विपक्षी जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गासमेत* मुद्दा उत्प्रेषण) र २०५८ सालको रिट नं. ३८०७, (*निवेदक प्र.स.नि. रामचन्द्र के.सी. विपक्षी प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, उदयपुरसमेत* मुद्दा उत्प्रेषण परमादेश) समेतमा स्थापित सिद्धान्तसमेतबाट प्रस्तुत मुद्दामा पुनरालोकन गर्न उपयुक्त देखिएकोले निवेदन मागबमोजिम न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को देहाय (ख) का आधारमा यस अदालत संयुक्त इजलासको मिति २०६९।५।१८ को फैसला पुनरालोकन गरी हेर्ने निस्सा प्रदान हुने । इति संवत् २०७० साल भदौ २८ गते रोज ६ शुभम् ।

## रीत/वेरीत आदेश

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-RE-००३४, शरीर बन्धक, *नेपाल सरकार वि. चन्द्रमान गहतराज*

यसमा पुनरावेदन अदालत, बुटवलको मिति २०३९।६।११ को आदेश वेरीतको भनी यस अदालतमा निवेदन परेको देखियो । कैफियत प्रतिवेदन संलग्न शुरू रूपन्देही जिल्ला अदालतको फैसलासमेतको छायाँप्रति रहेबाट मुद्दाको स्वरूप परिवर्तन भै उक्त वेरीतको निवेदनको औचित्य देखिएन । पुनरावेदन

अदालत, बुटवलको मिति २०६९।६।११ को आदेश मिलेकै देखिँदा परिवर्तन गरिरहनु परेन। कानूनबमोजिम गर्नू।

इति संवत् २०७० साल भदौ १४ गते रोज ६ शुभम्।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०७०-WO-०१८५, उत्प्रेषण, *राप्रपा नेपाल वि. निर्वाचन आयोग, नेपालसमेत*

निवेदकले निवेदनसाथ पेश गरेको निर्वाचनको प्रयोजनको लागि दल दर्ता हुन निवेदन दिएको राजनीतिक दलहरूको विवरण हेर्दा रा.प्र.पा. नेपाल क्रम संख्या ३ मा दर्ता भएको देखिन्छ। निर्वाचन आयोगले राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ को नियम १३ को उपनियम (२) बमोजिम अर्को संविधानसभा सदस्य निर्वाचनको लागि मान्यता प्रदान गर्न दल दर्ता गरी निर्वाचन चिन्ह प्रदान गर्ने गरी मिति २०७०।४।९ मा निर्णय गर्दा भने उपरोक्त उल्लिखित निवेदनको क्रमसंख्याको आधारमा दललाई मान्यता प्रदान गरेको नभई निवेदकको क्रमसंख्या १ मा निवेदन दर्ता गरेको दललाई क्रमसंख्या ३ नं. मा पुऱ्याएबाट निवेदन दर्ताको क्रम नघाई तल माथि पर्ने गरी निर्णय गरेको भन्ने उक्त मिति २०७०।४।९ को निर्णयबाटै देखिन आउँछ। त्यसरी दलहरूको निवेदन दर्ताको क्रमसंख्यालाई बेवास्ता गर्नुको औचित्ययुक्त कारण वा कानूनसमेत विपक्षीहरूबाट पेश हुन आएको देखिँदैन। दल दर्ताको लागि निवेदनहरू आह्वान भई सोबमोजिम निवेदन दर्ता हुन आएको अवस्थामा दर्ताको क्रमसंख्याबमोजिम नै कानूनबमोजिम सम्पूर्ण प्रक्रिया अघि बढाउन विवेकसम्मत् र कानूनसम्मत् हुने र अन्यथा अनिश्चितता कायम हुने हुनाले दलहरूको निवेदन दर्ताको क्रमसंख्यालाई नै आधार मानी दल दर्ताको मान्यता वा निर्वाचन चिन्हलगायतको निर्णयमा सूचना प्रकाशित हुनुपर्ने देखिँदा सोबमोजिम विपक्षी निर्वाचन आयोगबाट पुनरालोकन गरी क्रमसंख्या नमिलाएसम्म मिति २०७०।४।९ को निर्णयबमोजिमको दलहरूको क्रमसंख्या यथावत्रूपमा कायम राख्न नमिल्ने हुँदा सो क्रमसंख्या र सो आधारमा कुनै काम कारवाही नगर्नु, नगराउनु भनी विपक्षी निर्वाचन आयोगको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७० साल भदौ २८ गते रोज ६ शुभम्।

२

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा,** ०७०-WO-०१६३, उत्प्रेषण, *रत्नराज तिमिल्सिनासमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

करारको अवधि २०७१ माघ मसान्तसम्म रहेको भन्ने व्यहोरा निवेदनसाथ पेश भएको करारको प्रतिलिपिबाट देखिएको र यसै विषयसँग सम्बन्धित विवादमा विविध नं. ००२० को निवेदन २०७०।५।२ मा खारेज हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट फैसला भएकोमा उक्त फैसलाको पूर्ण पाठ तयार नभएकोले पुनरावेदन गर्न नपाएको भन्ने निवेदन लेखबाट देखिएकोले उक्त फैसलाको पूर्ण पाठ तयार भएको १५ दिनभित्र पुनरावेदन दर्ता गरे सो पुनरावेदन साथै राखी अन्तरिम आदेश पुनर्विचारको लागि पेश गर्ने गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०७०।४।१४ र काठमाडौं महानगरपालिकाको मिति २०७०।४।१५ को पत्र हाल कार्यान्वयन नगरी यथास्थितिमा राखी पूर्ववत् अस्पताल सञ्चालन गर्न दिनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७० साल भदौ १४ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०१७७, परमादेशसमेत, *रामराज शिवाकोटी वि. राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय, पुल्चोकसमेत*

नन्दप्रसाद अधिकारी र गंगामाया अधिकारीको अनसनप्रति नेपाल सरकारको

उदासीनताबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (१) को सम्मानपूर्वक बाँच्न पाउने अधिकार हनन् भएविरूद्ध प्रस्तुत विषयलाई सार्वजनिक सरोकारको विषय भन्दै प्रस्तुत रिट निवेदन दायर भएको देखिन्छ।

राष्ट्रिय मानवअधिकार आयोगसमेतले गम्भीर चासो व्यक्त गरेको प्रस्तुत विषयमा कानूनको शासनको दुहाई दिँदै दुई नागरिकको अनसनकै कारणबाट प्राणान्त भएमा राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा यस देशको न्याय र कानूनी व्यवस्था, कानूनको शासनको स्थिति, मानवाधिकारको संरक्षणको प्रश्न र मानवअधिकारप्रतिको यस देशको प्रतिबद्धतामा गम्भीरतम् आघात पर्ने कुरामा द्विविधा नभएबाट विषयवस्तुप्रति यी रिट निवेदक नेपाली नागरिक अधिवक्ताको सार्थक सम्बन्ध छ।

निवेदकले निज अधिकारी दम्पत्तिको स्वास्थ्य स्थिति अत्यन्तै कमजोर भएकाले निज दम्पत्तिको बिग्रँदै गएको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै जीवन रक्षार्थ सकारात्मक हस्तक्षेप गर्दै आवश्यकताअनुसारको पौष्टिक तथा सन्तुलित आहार फोर्स फिडिङको लागि निवेदकले अन्तरिम आदेश माग गर्नु भएको रहेछ। तत्कालै उपयुक्त आदेश नहुँदा निज अधिकारी दम्पत्तिको स्वास्थ्य स्थितिमा गम्भीररूपमा प्रतिकूलता सिर्जना हुने निवेदक कथन रहेको कुरा विचारणीय छ।

आफ्नो छोराको हत्याको अभियोग लगाई अधिकारी दम्पत्तिले किटानी जाहेरी दिएको अवस्थामा सोको अनुसन्धान तथा कारवाही नभएकोमा बाबु नन्दप्रसाद अधिकारी तथा आमा गंगामाया अधिकारीले आमरण अनसन गरेको, हाल निजहरू वीर अस्पतालमा रहेको तथा विभिन्न मानव अधिकारवादी संघ संस्थाहरूले निजहरूको जीवन रक्षार्थ आग्रह गरेको सञ्चार माध्यममा आएका समाचारका अंशहरू पनि निवेदकले पेश गरेको देखिन्छ।

उपरोक्त स्थितिमा अन्तरिम आदेश जारी हुनु पर्ने हो होइन र जारी गर्दा के कस्तो प्रकृतिको आदेश जारी हुनुपर्ने हो भन्ने विचारणीय प्रश्न यस अदालतमा उपस्थित भएको छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) को संरक्षण तथा नेपालले सन् १९९१ मा अनुमोदन गरेको आइ.सी.सी.पी.आर. (ICCPR) १९६० को धारा ६ द्वारा प्रत्याभूत प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण यस अदालतको कर्तव्य हो। साथै कानूनको शासनको सम्बर्द्धन पनि यस अदालतको प्रत्यक्ष सरोकारको विषय हो। यस अवस्थामा तत्कालै केही नगर्दा नन्दप्रसाद अधिकारी तथा गंगामाया अधिकारीको जीवन खतरामा रहेको भन्ने निवेदक कथनलाई विभिन्न सञ्चार माध्यममा प्रकाशित र प्रसारित समाचारद्वारा निवेदकले पुष्टि गर्नु भएको छ।

यस स्थितिमा वीर अस्पतालको शैय्यामा रहेका नन्दप्रसाद अधिकारी तथा गंगामाया अधिकारीको जीवन रक्षार्थ विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सार्थक र प्रभावकारी प्रयास नभएकोमा यस अदालतको ध्यानाकर्षण भएको छ।

तसर्थ, निज अधिकारी दम्पत्तिको आफ्नो छोराको हत्या भएको भनी दायर गरेको जाहेरी दरखास्तका सम्बन्धमा आजसम्म के कस्तो अनुसन्धान कारवाही भई अनुसन्धान कहाँ पुगेको छ र सो अनुसन्धान के कसरी अगाडि बढ्छ भन्ने विषयमा विपक्षीमध्येको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट अविलम्ब सार्वजनिक रूपमा विवरणपत्र जारी गर्नु, सोपश्चात् निज अधिकारी दम्पत्तिलाई अनुसन्धानमा निजहरूको आवश्यकता र महत्त्व सम्झाई अनसन तोड्न आग्रह गर्नु र यसो गर्दा पनि नमानेमा निजहरूको जीवन रक्षार्थ जवर्जस्ती खाना खुवाउने (Force Feeding) लगायतका जे जो गर्नुपर्छ सो अविलम्ब गर्नु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७० साल भदौ १८ गते रोज ३ शुभम्।